**निर्णय नं. १**

२०८२ साल माघ २५ गते सम्पन्न बैठकबाट भएका निर्णयहरुको सम्बन्धमा आजको बैठकमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

- धनकुटा नगरपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको संस्थागत विद्यालय श्री विद्या सागर एकेडेमीमा हाल कक्षा ६ सम्म सञ्चालन भइ रेहेको र कक्षा ७ सञ्चालनको अनुमति दिएको ।
- धनकुटा नगरपालिका वडा नं. ९ मा रेहेको विश्रान्ती मन्दिरमा सञ्चालित विश्रान्ती धाम संस्कृत गुरुकुल शिक्षा हाल कक्षा ९ सम्म सञ्चालनमा रहेको र कक्षा १० सञ्चालनका लागि अनुमति दिएको ।
- नगर शिक्षा योजनालाइ परिमार्जनको प्रारम्भिक कार्य भईरहेको ।
- बिशेष अनुदानको भूमिहिन आठपहरिया समुदाय र गरिबीको सुचकाङ्कमा रहेका परिवारको आर्थिक र सामाजिक स्थिति सुधारका लागि अर्थोपार्जन कार्यक्रम सञ्चालन प्रक्रिया सुरु गरिएको ।
- कार्यक्रमहरुको स्रोत, बजेट रकम साथै कार्यक्रममा रकमान्तर, संशोधन तथा थप घट गर्ने निर्णय कार्यान्वयन भएको ।
- कार्यक्रमको शिर्षक परिवर्तन गरी नयाँ शिर्षक कायम गर्ने निर्णय कार्यान्वय गरिएको ।
- को १ झ ५०४ नम्वरको वोलेरो गाडी आशिष सर्भिस सेन्टर ईटहरीलाई मर्मत आदेश दिएको ।
- हिले (षडेषेश्वर मन्दिर)-भिरगाउ- मधुगङ्गा सडक स्तरोन्नतिको आशिष-आशिर्वाद- स्वामीनारायण जेभिलाई भेरिएशन स्वीकृतीको जानकारी गराएको ।
- स्वीकृत कार्यविधि/मार्गदर्शनहरु राजपत्र प्रकाशनका लागि प्रेषमा पठाएको ।

**निर्णय नं.२**

धनकुटा नगरपालिका वडा नं. ७ मा कार्यरत महिला स्वास्थ्य स्वयम सेविका श्री शोभा राई २०८२ मंसिर महिनाबाट अनिवार्य अवकास हुनु भएको हुनाले निजलाई साविकमा अवकास प्राप्त महिला स्वास्थ्य स्वयम सेविकाले पाए सरह रु २०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३**

नगरपालिकाको १७ औ नगर सभा यहि मिति २०८२ चैत्र ११ गते वुधवारका दिन आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं.४**

आ.व. ०८१/०८२ को धनकुटा नगरपालिकाको महालेखापरिक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक प्रतिवेदन वैठकमा पेश भइ छलफल हुँदा समयमा नै प्रतिक्रिया पठाउने र कार्य प्रक्रियामा सुधार गरी वेरुजु कम गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

सङ्घीय मामिला तथा सामान्य प्रशसान मन्त्रालयवाट चालु आ.व.को श्रावण १ गते देखि कार्यान्वयनमा ल्याएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System) को कार्यान्वयनका लागि जनप्रतिनिधि र कर्मचारी (वडा कार्यालय समेत) को सहभागितामा स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधी २०८२ को अभिमुखीकरण कार्यक्रम मिति २०८२/१२/०१ गते आइतबारका दिन बिहान ६:४५ बजे देखि धनकुटा नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय सिंहदरवार काठमाडौं स्थानीय तह समन्वय शाखाको मिति २०८२/११/२७ च.नं. २९८ को पत्रसाथ प्राप्त राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं. ९२० मिति २०८२/११/२५ को आवश्यक सहजीकरण तथा सहयोग गर्ने विषयको पत्र वैठकमा पेश भइ छलफल हुँदा राष्ट्रिय आर्थिक गणना २०८२ लाइ सफल बनाउन नगर स्तरीय/वडा स्तरीय समिति गठन गरी आवस्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

नेपाल विद्युत प्राधिकरण धनकुटा वितरण कन्द्रको च.नं. ५१९ मिति २०८२/११/११ को विद्युत बक्यौता महशुल सम्बन्धको पत्र पेश भइ छलफल हुँदा सडक वत्ती व्यवस्थापन गर्न ५०/५० प्रतिशत लागत साझेदारी अन्तर्गत सम्झौता गर्न वाकी टोल विकास संस्थालाई सम्झौताका लागि तथा विधुत महशुल वक्यौता रहेका व्यक्तिलाई विधुत महसुल वुझाउन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

चालु आर्थिक वर्ष २०८२/०८३ मा संघीय सशर्त कार्यक्रम अन्तर्गत उन्नत बीउ उपयोगमा ५० प्रतिशत मूल्य अनुदानमा मकैको मूल तथा उन्नत बीउ वितरण गर्न बजेट बिनियोजन भएको छ । हाल मकै बालीमा फौजी किराको अधिक प्रकोप हुने भएको हुँदा किरा नियन्त्रणको लागि ६००० प्याकेट इमामेक्टिन बेन्जोएट विषादी यसै कार्यक्रमवाट खरिद गरी मकैको बीउ लैजाने कृषक समूह र कृषकहरुलाई निशुल्क वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.९**

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनूसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका आधारमा मिति २०८२/११/२९ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | गिता श्रेष्ठ | धनकुटा न.पा. ७ | धनकुटा बजार-७ | ४०८ | ०-५-०-० | छुट भएको | ब्यावसायिक |
| | | | | ५१७ | ०-१-०-० | छुट भएको | ब्यावसायिक |
| २ | सीता श्रेष्ठ | धनकुटा न.पा. ७ | धनकुटा बजार-७ | ५१६ | ०-१-२-० | छुट भएको | ब्यावसायिक |

**निर्णय नं.१०**

धनकुटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.ब. २०८२/०८३ का लागि नगरसभाबाट स्विकृत बजेट तथा कार्यक्रमहरुको २०८२ माघ मसान्त सम्म भएको आय र व्ययको विवरण सार्वजनिक गरिएको व्यहोरा अनुमोदन गरियो ।

**निर्णय नं.११**

धनकुटा नगरपालिकाको गेट अगाडी निर्माणाधिन स्टार्टअप विजिनेश कम्प्लेक्स भवनलाई स्थानीय उत्पादन प्रवर्धनका लागि कोसेली घर तथा सिप बिकास तालिम केन्द्रको रुपमा र साविकको अतिथिगृह रहेको स्थानमा वनेको भवनलाई सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र तथा विपद् जोखिम न्यूनीकरण स्कुलका रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं.१२

धनकुटा नगर कार्यपालिकाको कार्यालयवाट सम्पादन हुने कार्यलाइ प्रभावकारी एवं व्यवस्थित बनाउन तपसीलमा उल्लेखित कार्यविधिहरु तयारीका लागि नगरकार्यपालिकाको कार्यालयलाई सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

१. धनकुटा नगरपालिकाको कोसेली घर सञ्चालन तथा व्यवस्थापन कार्यविधि
२. धनकुटा नगरपालिका सिप बिकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि
३. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र तथा विपद् जोखिम न्यूनीकरण स्कुल सञ्चालन तथा व्यवस्थापन कार्यविधि

## निर्णय नं.१३

चालु आ.व. को वडा स्तरीय स्वीकृत कार्यक्रम अनुसार वडाको वडा स्तरीय कार्यक्रमको शीर्षक परिवर्तन गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

| वडा नम्बर १ | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | व.शी.नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | परिवर्तित शीर्षकको नाम | रकम |
| १ | ३११५९ | लिम्वु सेवा समाज भवन निर्माण | १,००,०००/- | थिङ टोल,राना टोल, शान्ती टोल कृषि सडक स्तरोन्नति | ५,००,०००/- |
| २ | २२५२२ | हिले वक्रकुण्ड कप फुटवल प्रतियोगिता | १,००,०००/- | | |
| ३ | २२५२२ | महिला क्षमता विकास तालिम | १,००,०००/- | | |
| ४ | ३११२२ | थिङ समुहको कार्यालय व्यवस्थापन | १,००,०००/- | | |
| ५ | ३११२२ | हिले वजार सि.सि.टि.भि जडान | १,००,०००/- | | |
| वडा नम्बर ४ | | | | | |
| १ | २२५२२ | माघा महिला कृषक समुह घुम्तीकोष | ५०,०००/- | हाङ्चुवा कृषि सडक मर्मत | ५०,०००/- |
| २ | २२५२२ | सिस्ने कृषक समुहलाई घुम्ती कोष | ५०, ०००/- | वडा कार्यालय सामग्री खरिद | ५०,०००/- |
| ३ | २२५२२ | घरेलु तथा साना उधोगहरु प्रवर्धन कार्यक्रम | १,००,०००/- | कृषि विकास कार्यक्रम | १,००,०००/- |
| वडा नम्बर ६ | | | | | |
| १ | ३११५९ | खुल्ला व्यायमशाला निर्माण | ५०००००/० | विपद् व्यवस्थापन | ३०००००/- |
| | | | | सरस्वती मार्ग अन्तर्गत ज्योती विशुङ्केको घर अगाडी सडक मर्मत | ७००००/- |
| | | | | वडा कार्यालय भवन उद्घाटन तथा मर्मत | १३००००/- |
| वडा नम्बर ७ | | | | | |
| १ | २२५२२ | कृषि सामग्री खरिद तथा वितरण(का.पा. सदस्य दील कुमार राई) | १,००,०००/- | खेल सामग्री खरिद र वितरण | १,००,०००/- |